मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## एकीकृत पाठ्यक्रमसम्बन्धी कार्यशाला सुरु

हेटौंडा, ६ वैशाख/थाहा नगरपालिकामा एकीकृत पाठ्यक्रम सम्बन्धी पाँचदिने कार्यशाला सुरु गरिएको छ । थाहा नगरपालिकाको शिक्षा तथा युवा खेलकुद शाखाको आयोजनामा सुरु भएको कार्यशालामा परिवर्तन भएको पाठ्यक्रम केन्द्रित रहेको छ । आधारभूत तह कक्षा १-३ मा अध्यापनरत शिक्षकको लागि कार्याशालाको आयोजना गरिएको शिक्षा शाखाप्रमुख माधवबिक्रम मल्लले जानकारी दिए । शिक्षकका लागि पाठ्यक्रमसम्बन्धी जानकारी लिन आवश्यक भएको कार्यशालाको आयोजना गरिएको मल्लको भनाइ छ । मल्लले एकीकृत पाठ्यक्रमका बारेमा सबै प्रष्ट हुनुपर्ने बताउँदै परिवर्तित पाठ्यक्रमका बारेमा यो महत्वपूर्ण कार्याशाला भएको जानकारी दिए । कार्यशालाको प्रत्येक दिन बिषयगत प्रशिक्षकले प्रशिक्षण दिने कार्यक्रम रहेको थाहा नगरपालिकाका शिक्षा अधिकृत सूर्य थिङले जानकारी दिए । पालुङ बहुमुखी क्याम्पसको सभाहलमा भैरहेको कार्यशालामा थाहानगर भित्रका ६० जना विषयगत शिक्षकको सहभागिता रहेको छ ।

# अलपत्र मुख्यमन्त्री सभाहल ठेक्काको मंसिरसम्म म्याद थप

साझाकुरा संवाददाता

हेटौंडा, ६ वैशाख/चार वर्षदेखि अलपत्र बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को सभाहलको ठेक्का ८ महिलाको लागि अर्थात मंसिर मसान्तसम्म म्याद थप भएको छ ।

सभाहल सार्वजनिक खरिद नियमावलीको १३ औं संशोधनलाई टेकेर निर्माण कम्पनीलाई ८ महिना म्याद थप भएको हो । गत फागुन ०८० नियमावली संशोधनपछि काम सम्पन्न नभएर अलपत्र रहेका योजनाको म्याद एकवर्ष थप गर्ने बाटो खुलेको थियो । सभाहल बनाउन संरक्षण निर्माण सेवा/सेव इन्जिनियरिङ कन्स्ट्रक्सन जेभी भरतपुर-११, चितवनले ठेक्का लिएको थियो । सभाहल बनाउन ५ करोड २६ लाख ८३ हजार रुपैयाँमा सहरी विकास तथा भवन कार्यालय मकवानपुरसँग १७ कार्तिक ०७७ मा सम्झौता भएको थियो । सभाहल हेटौंडा-२, स्थित हेटौंडा उपमहानगर पालिकाको कार्यालय पछाडि निर्माण भइरहेको हो ।



समयभित्रै सम्पन्न गर्ने प्रतिवद्धतासहित ठेक्काको म्याद थप गरिएको सहरी विकास तथा भवन कार्यालय मकवानपुरका सूचना अधिकारी टेकनाथ काफ्लेले जानकारी दिए । उनले वैशाखबाट मंसिर मसान्तसम्म म्याद थपिएको बताए । निर्माण व्यवसायी चितवनका भीष्म अधिकारीले थप गरिएको समयमा काम सक्ने प्रतिबद्धता जनाएको उनको भनाई छ । सम्झौताअनुसार, १९ वैशाख २०७९ भित्र सभाहल स्यान्डबिच इपीएस स्यान्डबिच प्रविधिबाट प्यानल बोर्डको ट्रस्टबाट निर्माण गर्नुपर्ने थियो ।

तर, निर्माण कम्पनीले जगसम्मको मात्रै काम गरी ४७ लाख ५४ हजार ८४१ रुपैयाँ रकम भुक्तानी लिएर काममा फर्किएको थिएन । सभाहलको हालसम्म भौतिक प्रगति २५ प्रतिशत र वित्तीय प्रगति ९ प्रतिशत छ । भवन कार्यालय र निर्माण व्यवसायीबीचको छलफलपछि हेटौंडाकी मेयर मीनाकुमारी लामाले २६ चैत २०८० मा बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयलाई सभाहल उपमहानगरकै स्वामित्वमा रहने गरी निर्माण अगाडि बढाउन सहमतिसहितको पत्राचार गरेकी छन् ।

जसअनुसार सभाहल निर्माण भएपछि स्वामित्व उपमहानगरकै हुने जनाइएको छ । यद्यपि, सभाहलको स्वामित्व बारे प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयले जवाफ पठाएको/नपठाएको बारे खुल्न सकेको छैन । पत्रमा सभाहल निर्माण पूरा भएपछि उपमहानगरकै स्वामित्वमा रहनुपर्ने उल्लेख छ । १४ वैशाख २०७७ मा निवर्तमान मेयर हरिबहादुर महतले प्रदेशको सभाहल उपमहानगरले पनि प्रयोग गर्न पाउने गरी सहमति दिएका थिए ।

निर्माण कम्पनी काम नगरी बेपत्ता भएपछि उपमहानगरलाई जग्गा पनि अभाव भएको अवस्थामा सभाहल निर्माण अगाडि बढाउन नदिएको प्रवक्ता सविन न्यौपानेले बताए । उपमहानगरले कार्यालय परिसरभित्रै पार्किङको समस्या रहेको र आवश्यक भौतिक संरचना निर्माण गर्नुपर्ने भन्दै सभाहल निर्माणका लागि जग्गा दिन नसकिने बताएको थियो । 'ठेकेदारले काम नगरेर तीनवर्ष बिताएपछि उपमहानगर पालिका अर्कै निर्णय गर्न बाध्य भएको थियो', न्यौपानेले भने, 'अहिले उपमहानगरकै स्वामित्वमा हुनेगरी काम अगाडि बढाउन बाटो खोलिदिएका हौं,' ।

हेटौंडा-२ स्थित तत्कालीन जिल्ला विकास समिति मकवानपुरको पुरानो भवनबाट बागमती प्रदेशको प्रमुख अड्डा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सञ्चालन भइरहेको छ । मुख्यमन्त्री कार्यालयसँग एउटा गतिलो सभाहल छैन । प्रदेशस्तरीय भेला, बैठक र समारोहका लागि सभाहल नभएपछि मुख्यमन्त्री कार्यालयकै स्वामित्वमा रहने गरी १७ कात्तिक २०७७ मा पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले शिलान्यास गरेका थिए ।

# विषादि प्रयोगको सचेतनामा थाहाका किसान धेरै

साझाकुरा संवाददाता

हेटौंडा, ६ वैशाख/तरकारी बालमीमा प्रयोग गरिने विषादिको बारेमा किसानको सचेतनास्तर मकवानपुरका १० पालिकामध्ये इन्द्रसरोवर गाउँपालिका ज्यादै कमजोर रहेको पाइएको छ ।

राष्ट्रिय कृषि गणना, २०७८ अन्तर्गतको सामुदायिक प्रतिवेदन अनुसार विषादि प्रयोगको बारेमा इन्द्रसरोवरका किसानको सचेतनास्तर शुन्य रहेको पाइएको छ । २ वैशाखमा सार्वजनिक सामुदायिक प्रतिवेदन अनुसार इन्द्रसरोवरका शतप्रतिशत किसान आंशिक सचेत रहेको तथ्याङ छ । थाहा नगर पालिकाका किसान भने जिल्लामै सबैभन्दा बढी सचेत रहेको तथ्यांकले देखाएको छ । थाहानगरका ६६ प्रतिशत किसान विषादि प्रयोगमा सचेत रहेको तथ्यांकमा उल्लेख गरिएको छ । यो जिल्लामै सबैभन्दा बढी प्रतिशत हो ।

थाहामा ८.३ प्रतिशत आंशिक सचेत र २५ प्रतिशत किसान भने अझै सचेत नरहेको तथ्यांकले देखाएको छ । समग्र मकवानपुरका भने जम्मा ३३ प्रतिशत किसान मात्र सचेत रहेको तथ्यांकले देखाएको छ । जिल्लामा आंशिक सचेत ५४.९ प्रतिशत र १२.१ प्रतिशत किसान सचेत नभएको प्रतिवेदनमा उल्लेख छ । राष्ट्रिय तथ्यांक कार्यालयले ६ वैशाख २०७९ देखि १९ जेठ २०७९ सम्म ४५ दिन 'फिल्ड' मै पुगेर कृषि गणना गरेको थियो । सोही समयमा गणना क्षेत्रभित्र पर्ने वडाका अध्यक्ष वा सचिवमार्फत अन्तरर्वार्ता विधिबाट सामुदायिक प्रश्नावली भराएर तथ्यांक संकलन गरिएको थियो ।




कैलाश गाउँपालिकाका ११.१ प्रतिशत सचेत, ७७ प्रतिशत आंशिक सचेत र ११.१ प्रतिशत सचेत नभएको तथ्यांक छ । राक्सिराङमा ३३ प्रतिशत सचेत, ५५.६ प्रतिशत आंशिक सचेत र ११.१ प्रतिशत सचेत नभएको तथ्यांक छ । मनहरीका १४.३ प्रतिशत सचेत, ४२.९ आंशिक सचेत र ४२.९ प्रतिशत सचेत नभएको पाइएको छ । हेटौंडा उपमहानगरका ५३.८ प्रतिशत किसान सचेत छन् भने ३८.५ प्रतिशत आंशिक सचेत र ७.७ प्रतिशत किसान सचेत नभएको पाइएको छ । भीमफेदीका ११.१ प्रतिशत सचेत छन् भने ८८.९ प्रतिशत आंशिक सचेत र सचेत नभएका किसान नै नरहेको तथ्यांक छ ।

मकवानपुरगढी गाउँपालिकाका ३७.५ प्रतिशत किसान सचेत छन् भने ६२.५ प्रतिशत किसान आंशिक सचेत र सचेत नभएका किसान नै छैनन् । बकैयाका २० प्रतिशत सचेत, ६० प्रतिशत आंशिक सचेत र २० प्रतिशत किसान सचेत नै नभएको तथ्यांक छ । बागमती गाउँपालिकाका ४४.४ प्रतिशत किसान सचेत रहेका छन् भने ५५.६ प्रतिशत आंशिक र सचेत नै नभएको किसान पालिका क्षेत्रमा नरहेको तथ्यांक प्रतिवेदन मार्फत सार्वजनिक गरिएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

# बागमतीको खर्च ३४.४२ प्रतिशत मात्र

साझाकुरा संवाददाता

हेटौंडा, ६ वैशाख/वित्तीय संघीयता कार्यान्वयनको ६ वर्ष बितिसक्दा पनि प्रदेश सरकारको बजेट खर्चको अवस्थामा सुधार हुन सकेको छैन । चालु आर्थिक वर्षको नौ महिना बितिसक्दा पनि बागमती प्रदेश सरकारले करिब ३५ प्रतिशत मात्रै खर्च गरेको छ ।

चालु आर्थिक वर्षको ३ महिना मात्रै बाँकी हुँदा सरकारको खर्च एकतिहाईको हाराहारीमा मात्र भएको छ । चालु आव २०८०/८१ को चैत मसान्तसम्म कुल विनियोजनको ३४ दशमलव ४२ प्रतिशत मात्र खर्च भएको प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ ।




मन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार चालु आवमा ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँ बराबरको बजेट विनियोजन गरेकोमा चैत मसान्तसम्ममा २१ अर्ब ५८ करोड ३४ लाख ६४ हजार ७४ रुपैयाँ अर्थात ३४ दशलव ४२ प्रतिशत मात्र खर्च भएको छ ।

पुँजीगत खर्चको अवस्था भने अझै निराशाजनक छ । पुँजीगततर्फ ३५ अर्ब ५० करोड ६३ लाख नौ हजार रुपैयाँ विनियोजन गरिएको नौ महिनाको अवधिमा ११ अर्ब २८ करोड ९२ लाख ७६ हजार १३५ रुपैयाँ अर्थात कुल पुँजीगत विनियोजनको ३१ दशमलव ५५ प्रतिशत मात्र खर्च भएको मन्त्रालयले उपलब्ध गराएको विवरणमा उल्लेख छ ।

चालुतर्फ २६ अर्ब ७० करोड २७ लाख ६९ हजार रुपैयाँ विनियोजन गरिएकोमा चैत मसान्तसम्म १० अर्ब २९ करोड ४१ लाख ८७ हजार ९३९ रुपैयाँ अर्थात ३८ दशलमव ९६ प्रतिशत खर्च भएको छ । प्रदेश सरकारले वित्तीय व्यवस्थातर्फ ५० करोड विनियोजन गरिएकोमा हालसम्म खर्च भएको छैन ।

# बुढीचौरमा लोपेन्मुख घोंगे भेटियो

साझाकुरा संवाददाता

हेटौंडा, ६ वैशाख/मकवानपुरगढी गाउँपालिका-८ बुढीचौरमा लोपोन्मुख कोदो प्रजातिको घोंगे (पर्ल मिलेट) फेला परेको छ । मकवानपुरगढी गाउँपालिकाका कृषि शाखाप्रमुख चन्द्रकान्त चौधरीका अनुसार रैथाने बाली प्रवर्द्धनका सिलसिलामा मकवानपुरगढीमा पुग्दा लोपोन्मुख पर्ल मिलेट भेटिएको हो ।

बुढीचौरका कृषक डेमा स्याङ्तानको घरमा घोंगे भेटिएको हो । कृषक स्याङ्तानका अनुसार आफूसँग पनि सीमित भएकोले अलिअलि लगाएर बीउ जोगाउने काम मात्रै गरिएको छ । यसको वैज्ञानिक नाम सेञ्चुरस अमेरिकानस हो । नेपालमा पाइने रैथानेबालीमध्ये पर्ल मिलेट एउटा लोपोन्मुख बाली हो । अहिलेका पुस्तामध्ये कतिपयले यस बालीलाई देखेका समेत छैनन् । पर्ल मिलेट नेपालमा हाल खासै पाइएको छैन ।

पौष्टिकताको हिसाबले भरिपूर्ण यो बाली सबैभन्दा बढी भारतमा खेती गरिन्छ । भारतपछि यसको सबैभन्दा बढी उत्पादन गर्ने देश अफ्रिका हो । यसको उत्पादन अफ्रिकाबाट सुरु भएको मानिन्छ । यसलाई हिन्दीमा बाजरा भनिन्छ । विशेषगरी भारतको तमिल र कर्नाटक क्षेत्रमा पाईने चर्चित परिकारहरुमा यसको प्रयोग गरिन्छ । यसबाट विशेष गरी रोटी तयार पारिन्छ ।

खानाका अन्य परिकारसँगै बियर बनाउन पनि यसको प्रयोग हुन्छ । यसको अन्नसँगै अन्य भागको पनि महत्व छ । यसको बोट ईन्धन तथा अन्य घरायसी कामका लागि पनि प्रयोग गरिन्छ । यसमा प्रशस्त मात्रामा प्रोटिन पाईन्छ । सुख्खा र गर्मी स्थानमा समेत खेती गर्न सकिने भएकोले यो रैथाने बालीको छुट्टै महत्व छ ।

Education is the real treasure
ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9



HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547

Scholarships
a feature of socially responsible institution ....
Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats
Hurry Up !
Seats are limited
Book your seat on time
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरु:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# स्वदेशी काठ कुहिँदै, कुकाठ भित्रिँदै

'हरियो वन, नेपालको धन' भन्ने कुनैबेला नेपालको प्रचलित उखान थियो । तर, अहिले नेपालले डलर खर्चेर मलेसियाबाट कुकाठ किनिरहेको छ । नेपालको राष्ट्रिय जंगलमा काठ कुहिएर वा आगो लागेर माटो भइरहेको छ । जंगलको त्यही मलिलो माटो पनि बर्षातको भेलबाढीले बगाएर बंगालको खाडीमा पुऱ्याइरहेको छ । नेपालको आन्तरिक काठको खपतको अवस्था हेर्ने हो भने वार्षिकरुपमा मोटामोटी १५ लाख सिएफटी काठ भए पुग्छ । तर, त्यसको आधा हिस्सा विदेशबाट कुकाठ आयात भइरहेको छ । यता नेपालका राष्ट्रिय वनमा २० लाख सिएफटी भन्दा बढी जंगलमा आगो लाग्दा जलेर खरानी हुने गरेको छ । नीतिगत रुपमा निर्णय गरी बैज्ञानिक रुपमा व्यवस्थापन गर्ने हो भने विदेशबाट कुकाठ आयात गर्नु पर्दैन थियो । बागमती प्रदेशका वन तथा वातावरणमन्त्री केशवप्रसाद पोखेलले सरकारी, सामुदायिक भवन तथा संरचना निर्माण हुँदा स्वदेशी काठ प्रयोगका लागि नीतिगत व्यवस्था गर्न संघीय सरकारको ध्यानाकर्षण गराएका छन् । संघीय सरकारका वन तथा वातावरणमन्त्री नवलकिशोर साहलाई भेट गर्दै प्रदेशका मन्त्री पोखेलले काठ प्रयोगका लागि नीतिगत व्यवस्था गर्न अनुरोध गरेका हुन् ।

अब बन्ने सरकारी कार्यालय र सरकारी अनुदानबाट बन्ने सामुदायिक भवनमा युपिभिसी वा मलेसियन काठ प्रयोगमा रोक लगानुपर्ने उनको धारणा छ । उनले २० चैतमा पदभार ग्रहण गर्दै पहिलो निणर्य नै युपिभिसी तथा आयातीत काठको प्रयोग रोक्न स्वदेशी काठको प्रयोग अनिवार्यताका लागि नीतिगत व्यवस्था गर्ने निणर्य गरेका थिए । मलेसियालगायतका देशबाट आयात भएका कमजोर काठ बिक्री भएको तर, स्वदेशी काठ उचित व्यवस्थापन नभएर कुहिएर माटो बन्ने वा जलेर खरानी बन्ने अवस्थामा रहेको भन्दै मन्त्री पोखेलले चिन्ता व्यक्त गरे । ३ वैशाखामा वनमन्त्री साहलाई मन्त्री पोखेल, प्रदेश वन मन्त्रालयका सचिव धीरेन्द्रकुमार प्रधानले भेटेर १८ बुँदे ध्यानाकर्षणपत्र बुझाएका छन् । राष्ट्रिय वन क्षेत्रको एकीकृत रणनीतिक योजना यथाशीघ्र तयार गर्ने, वन ऐन २०७६ को दफा ६२ उपदफा २ अनुसार वन अपराध नियन्त्रण, मुद्दा तहकिकात तथा दायरीको लागि अनुसन्धान अधिकृतसम्बन्धि नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने, सबै प्रदेशमा वन व्यवस्थापनका कार्यक्रममा एकरुपता ल्याउन दीगो वन व्यवस्थापनका राष्ट्रिय मापदण्ड तयार गरी लागू गर्न ध्यानाकर्षण गराइएको मन्त्री पोखेलले बताए । ढुंगा, गिट्टी तथा बालुवा संकलन प्रशोधन तथा वनजन्य उद्योगको दुरी निर्धारणसम्बन्धी मापदण्ड व्यवहारिक बनाउने, वन क्षेत्रको जग्गा अन्य प्रयोजनका प्रदेश तथा स्थानीयस्तरका आयोजनालाई वन क्षेत्रको जग्गा उपलब्ध गराउन सक्ने गरी निश्चित थ्रेसहोल्ड तोकेर प्रदेशबाटै उपलब्ध गराउन सकिने व्यवस्थाका लागि वन ऐनमा सशोधन गर्न संघीय सरकारसँग अनुरोध गरिएको मन्त्री पोखेल बताउँछन् ।

समुदायमा आधारित वन क्षेत्रबाट समूह बाहिर काठ बेचबिखन हुँदा प्रदेश शुल्क लगाउने गरी कानुनी व्यवस्थाका लागि सरकारसँग अनुरोध गरिएको मन्त्री पोखेलले बताएका छन् । प्रदेश सरकारका वन कर्मचारीलाई विदेशमा हुने तालिम गोष्ठी तथा भ्रमणमा पनि मनोनयन गर्न, समुदायमा आधारीत वन समूहको पहिचान कोड परिवर्तनको व्यवस्था गर्ने, प्रदेशमा रहेका राष्ट्रिय निकुन्ज तथा संरक्षित क्षेत्रसँग सम्बन्धित कार्यालयलाई प्रदेश मन्त्रालय तथा मातहतका कार्यालयसँग समन्वय तथा सहकार्यका लागि गर्न निर्देशन दिन संघसँग अनुरोध गरिएको छ । राष्ट्रपति चुरे तराइ मधेस विकास समिति, राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षित क्षेत्रहरुले प्रदेशको क्षेत्राधिकार भित्र काम गर्दा प्रदेश वन तथा वातावरण मन्त्रालयसँग समन्वय गरी काम गर्ने, संरक्षित क्षेत्रबाट लगभग २०० मिटर मात्र मध्यवर्ती क्षेत्रको रुपमा व्यवस्थापन भएमा स्थानीय जनता बढी लाभान्वित हुने, संघीय वातावरण ऐन, २०७६ तथा प्रदेश वातावरण ऐन, २०७७ मा व्यवस्था भए अनुसार मन्त्रालयले मातहतका कर्मचारीलाई वातावरण निरीक्षक तोक्ने, संघीय सरकारका ससाना कार्यालयलाई प्रदेशमा हस्तान्तरण गर्ने, हस्तकला तथा काष्ठकलालाई प्रवर्द्धनका लागि स्वदेशी कच्चापदार्थलाई नै बढावा दिने व्यवस्थापनका लागि अनुरोध गरिएको मन्त्रालयले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख ८ गते शनिबार २० अप्रिल २०२४ । द्वादशी, चैत शुक्लपक्ष । चौलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:३६, सूर्यास्त ६:३१ । छन्द दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : लगानीको अवसर जुट्नेछ | **तुला** | : आम्दानी बढ्नेछ |
| **वृष** | : यात्रा अघि बढ्न सक्नेछ | **वृश्चिक** | : पितृधन लाभ हुनेछ |
| **मिथुन** | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ | **धनु** | : नयाँ ज्ञान प्राप्त हुनेछ |
| **कर्कट** | : छिमेकमा असमझदारी बढ्नेछ | **मकर** | : कृषिमा हानि हुनेछ |
| **सिंह** | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ | **कुम्भ** | : व्यापारमा फाइदा मिल्नेछ |
| **कन्या** | : समय उत्साहवर्द्धक छ | **मीन** | : इनाम हात पर्नेछ |

# हाम्रो नेपाल र हामी नेपाली !



✍ मुक्तिबन्धु

'नेपालीहरु सक्कियौँ यदि भने नेपाल माटो न हो, हिँड्ने मानिस हो सशक्त गतिले सिद्धान्त बाटो न हो । जो दावानल राजनीति तिमीले झोस्यौ, डढायौ वन, मास्नै लक्ष्य थियो त जंगलभरि बाटो खनायौ किन ?'

यो हामी सबै नेपालीको प्रश्न हो । प्रश्न कोसित ? यो भनिरहनुपर्ने कुरै रहेन । नेपाली समाज, नेपाली सभ्यता र नेपाल देशको निर्माता नेपालीहरु नै हुन् । नेपाललाई माया गर्ने नेपालीहरु नरहेका भए विगतमा नेपाल न एकीकृत हुन्थ्यो, न सुरक्षित नै रहन्थ्यो । नेपाली हुनुमा गौरव गर्ने र नेपालका लागि गर्दन दिन पछि नहट्ने हाम्रा बहादुर नेपाली पुर्खाहरुकै त्याग, तपस्या र बलिदानका कारण हामी अद्यावधि नेपाली भएर रहन पाएका छौँ ।

हाम्रा पुर्खाहरुले देश र देशवासीको महत्व बुझेका थिए । नेपाली मन-मुटुको महत्व बुझेका थिए । मान्छेको महत्व बुझेका थिए । यसै भएर सुखानन्दका खोजीमा विदेशलाई कहिल्यै गन्तव्य बनाएनन् । मृगतृष्णाको वशीभूत भएर आफ्नो बेडरुममा विदेशीहरुलाई प्रवेश कहिल्यै गराएनन् । 'राष्टेवयम् जागृयाम: पुरोहिता: स्वाहा' अर्थात् हामी हाम्रो राष्ट्रका लागि सधैँ चौकन्ना र हेर काम गर्छौं, हाम्रा अगाडि रहेर पथप्रदर्शन गर्ने हाम्रा नेताहरुले हामीलाई सही बाटो देखाऊन् ।

पुर: अग्रे हितम् करोति इति पुरोहित: जसले देशवासीका अगाडि अगाडि र हेर सबैको हित गर्छ त्यही पुरोहित । 'पुरोहित' प्रचलित अर्थको 'पुरेत' होइन । वेदमा 'पुरोहित'को अर्थ जनसमाजलाई हितकारी बाटो देखाउने 'नेता' थियो र 'राष्ट्र'को अर्थ 'सिङ्गो देश' थियो । हाम्रो परम्परागत 'राष्ट्र' शब्द अङ्ग्रेजी भाषाका 'नेसन' शब्दको पर्यायवाची होइन । हुँदै होइन, हुनै सक्दैन ।

अब हामी एकछिन् सृष्टिमा मान्छे मात्रका बारेमा सामान्य छलफल चलाएर पुन: आफ्नो निष्कर्षमा फर्कने प्रयत्न गरौँ । मान्छे के हो भन्ने सम्बन्धमा पश्चिमा विद्वान्हरुले विभिन्न सन्दर्भमा विभिन्न निक्यौंल सुनाएका छन् । हाम्रा प्राचीन ऋृषिमुनिहरुले पनि यसबारे गम्भीर छलफल चलाएका छन् र निष्कर्षहरु पेस गरेका छन् । महाभारत कालमा महाभारतको युद्ध सकिएपछिको शान्तिपर्वमा वासुदेव कृष्णाका प्रेरणामा राजा युधिष्ठिरका प्रश्नको उत्तर दिँदै शरशैयाशायी पितामह भीष्मले भनेका छन्,

गुह्यम् यद् ब्रह्म तदहम् ब्रवीमि, न मानुषात् श्रेष्ठतरम् हि किञ्चित् । अर्थात् संसारको एकमात्र सत्यलाई ब्रह्मसत्य भन्छन् । म तिमीलाई त्यही ब्रह्मसत्य भन्छु, बाबु युधिष्ठिर, यस सृष्टिमा सर्वश्रेष्ठ रचना मानव हो । मान्छेभन्दा श्रेष्ठ यस संसारमा अरु केही पनि छैन ।

जीवधारीहरुबीच मानिस नै यस्तो प्राणी हो, जो विवेक-बुद्धिले समन्वित छ । शारीरिक, मानसिक, बौद्धिक क्षमताका अतिरिक्त मानिससँग भावना छ, संवेदनशीलता छ, सौन्दर्यबोध छ, सृजनक्षमता छ, निर्माण र विनिर्माणका ताकतहरु छन् । समग्र संसारको रचना र पुनर्रचना गर्न सक्ने बोधि-सम्बोधि महाविद्युत्युक्त, अनन्त क्षमतावान् मस्तिष्क छ मान्छेसँग । मान्छेको अन्तष्करणमा उत्कृष्टताको सारतत्व बीजरुपमा विद्यमान छ । यसलाई बिउँझाएर मानिस सामान्यबाट महामानव बन्न सक्छ ।

पाश्चात्य मनीषि कोर्लिस ल्यामोन्टले आफ्नो सुप्रसिद्ध कृति 'ह्युम्यानिज्म एज अ फिलासफी' मा लेखेका छन्, यस सृष्टिमा अनेकौँ आश्चर्यहरु छन् । यिनमा मानिसभन्दा अद्भुत र श्रेष्ठ अरु केही छैन । पास्कलका मतानुसार मानिस यस संसारको सर्वश्रेष्ठ बौद्धिक जीव हो । सत्यतथ्य जानकारी जुटाएर मानिस सृष्टिका सम्पूर्ण यथार्थलाई अभिव्यक्त गर्न समर्थ छ । रुसोको मतानुसार मानिस जन्मत: स्वतन्त्र छ र पनि विभिन्न किसिमका बन्धनमा बाँधिएको छ । सुकरातले भनेका छन्, मानव जीवन श्रेष्ठ त छ तर पर्याप्त ज्ञान भएन भने यो व्यर्थ पनि हुन सक्छ । मारकस एन्टोनियसले आफ्नो पुस्तक 'टु हिमसेल्फ' मा लेखेका छन्, मानिस नै सृष्टि र यसका समस्त क्रियाहरुको मूल केन्द्र हो र पनि मानिस आफैँ आफ्नो लागि समस्या हो । संसारका रहस्यहरुको पर्दा उघारेर जानकारी लिन समर्थ भए पनि मानिस आफ्नो बारेमा अनभिज्ञ नै रहिआएको छ । आफ्नो र आफ्नो अस्तित्वका सम्बन्धमा उत्सुकताका साथ आफ्नो र आफ्नो परिवेशको अध्ययन परीक्षण गरिआएको छ ।

'आइडियाज अफ ग्रेट फिलासफर' नामक आफ्नो सुप्रसिद्ध कृतिमा एस.एस. फास्टले भनेका छन्, सर्वोच्च सत्तासँग सम्बन्धित हुनुका कारण मानिस त्यसभन्दा अलि तल छ । प्रसिद्ध युनानी दार्शनिक पाइथागोरसको भनाइ छ, मानिस नै समस्त वस्तुहरुको मापदण्ड हो । चिनी दार्शनिक कन्फ्युसियस भन्छन्, मानिसको मापदण्ड मानिस नै हो । हरेक दृष्टिले यस सृष्टिको सूत्र हो मानिस । मानिस नै समाज र मूल्यहरुको माध्यम तथा समस्त संस्कृति र शक्तिको स्रोत हो । ऐतरेय उपनिषद्ले पनि भन्छ, ताभ्य: पुरुषमानयत्ता अबुबन सुकृतं बतेति अर्थात् मानिस विश्वशक्तिको सुन्दरतम कृति हो । स्वामी विवेकानन्द भन्छन्, मानवजीवन सर्वश्रेष्ठ जीवन हो । यो पशुता, मानवता र देवत्वको संयोग हो । अशुभलाई शुभमा बदलिदिने र स्वार्थलाई परमार्थमा तिरोहित गराइदिने क्षमताका कारण मानिस प्रकृतिको सर्वश्रेष्ठ कृति हो । इजिप्टका प्रख्यात सन्त दार्शनिक हरमेस ट्रिस्मेजिस्टस भन्छन्, मानिस ईश्वरको एक दिव्य चमत्कार हो । मानिसका बराबर गौरवशाली, मर्यादित र श्रद्धास्पद अर्को प्राणी धर्तीमा छैन । मानिसका शरीरमा ईश्वरको प्रवेश छ । परमात्म सत्ताको प्रतीक प्रतिनिधि हुनुका कारण मानिस स्वयंमा समस्त ईश्वरीय गुणहरुले अभिपूरित छ । यसै कारण मानिसको दृष्टि पतनबाट जोगिएर उच्चता एवम् श्रेष्ठतातिर जान उद्यत् रहन्छ ।

प्रख्यात ग्रीक दार्शनिक पिको डेला मिरान डोला तथा अर्नेस्ट क्यासिररले मानिसलाई 'सार्वभौम मानव' भनेका छन् । तदनुरुप मानिसको व्यापक स्वरुप प्रस्तुत गरेका छन् । उनी भन्छन्, आफ्नो विकास तथा पतनका लागि मानिस स्वयं जिम्मेवार छ । हित-अहितको निक्यौंल तथा वरण गर्न मानिस स्वतन्त्र छ । मानिस स्वेच्छाले आफ्नो कर्मका माध्यमबाट निम्नयोनिहरुमा भ्रमण गर्न सक्छ, दिव्य योनिहरुमा जन्मेर मोक्ष प्राप्त गर्न पनि सक्छ । यो चानचुने प्रप्ति होइन ।

'मानिस के हो ?' यस प्रश्नको उत्तर 'मानिस के होइन ?' को प्रतिप्रश्नले दिन सक्छ । मानिस सबथोक हो । मानिसभित्र बीजरुपमा विकासका असीम सम्भावनाहरु विद्यमान छन् । मानिस आफ्नो विषयमा जस्तो सोच बनाउँछ त्यस्तै बन्छ । मानिस एक अनगढ प्राणी हो । बनिबनाउ यन्त्र होइन । यसलाई चाहेअनुसार सुन्दर र समुन्नत बनाउन सकिन्छ । अधोगामी बाटो लाग्दा नरपशु, नराधम बन्न पनि सकिन्छ । आफ्नो रोजाइको बाटो लिन मानिस स्वतन्त्र छ । शरीर, मन, अन्तष्करण र त्यसमा जोडिएका असामान्य क्षमताहरु सबैले सही उद्देश्यमा जोडिन पाउँदा मानिसका विकासका मार्गहरु भकाभक खोलिन सक्छन् । यिनै शक्तिहरु निकृष्ट दिशामा नियोजित हुन जाँदा पतन र पराभवतिर धकेलिन पनि सक्छ मान्छे । विश्वकै श्रमजीवी जनताका महान् गुरु कार्ल मार्क्सले श्रमशील हातहरुसहितका मानव नै संसारको सुन्दरतम सृष्टि हो भन्नुभएको छ । लेनिन र माओजस्ता कम्युनिस्ट क्रान्तिका महान् हस्तीहरुले पनि अनवरत अग्रगामी सभ्यता र संस्कृतिका अथक् सृजेता मानवको अर्थात् देशभक्त जनताको ससन्दर्भ महत्वबोधनका साथ अर्थपूर्ण प्रशंसा गरेका छन् ।

समाजशास्त्रीहरुका अनुसार मानिस एक सामाजिक प्राणी हो । समाजको अग्रगमनमा मानिसको ठूलो भूमिका रहिआएको छ । मानवशास्त्रीका अनुसार मानिस कुशाग्र दृष्टि, सुविकसित मस्तिष्क, कल्पनाशील मन र सर्वसमर्थ शरीरले सम्पन्न एक समुन्नत प्राणी हो । पुरातत्ववेत्ताहरु भन्छन्, मानिस संस्कृतिको सञ्चायक, नगरका निर्माता, माटोका भाँडादेखि विभिन्न कलाकृतिहरुको आविष्कारक, कृषि, उद्योग, साहित्य, कला आदिको योजनाकार र निर्माता हो । यसै गरी जीव वैज्ञानिक, रसायनविद्, मनोवैज्ञानिक आदिले मानिसका सम्बन्धमा आ-आफ्ना विचार विश्लेषण प्रस्तुत गरेका छन् । अध्यात्मविद्हरुले मानिस जगन्नियन्ता ईश्वरको अंशधर आत्मा भनेका छन् । उनीहरु भन्छन्, आफूलाई विभिन्न रसायनहरुको सम्मिश्रण, मूल प्रवृत्तिहरुको दास, अणुहरुको संगठन, हिँड्ने-डुल्ने नश्वर प्राणी मात्र मान्नु मानिसका लागि सुहाउँदो कुरा होइन । मानिस यो भौतिक कलेवर मात्र होइन, सुरदुर्लभ गरिमा हो । विशिष्ट प्रयोजनका लागि यो जीवन प्राप्त भएको छ । यसलाई तदनुरुप जिउन सक्नुपर्छ ।

गम्दै जाँदा मलाई लाग्छ, मानिसलाई भौतिक र आध्यात्मिक दुवै पाटाको समष्टिमा जसरी अदियोगी शिव, कर्मयोगी वासुदेव कृष्ण, कर्मवीर देवव्रत भीष्मले यसको सम्पूर्णतामा व्यक्त गरेका छन्, अरुका परिचायनमा त्यो पूर्णता अझै व्यक्त भएको पाइँदैन । मानिस आफ्नो इच्छाले ब्रह्मचर्य साधना गर्न सक्छ, गार्हस्थ्य साधना गर्न सक्छ, ज्ञान साधना, कला साधना, तप साधना आदि अनेकौँ साधना गर्न सक्छ । क्रान्ति साधनासमेत पनि गर्न सक्छ । साधनाबाट मानिस बल, विद्या, धन, मान, प्रतिष्ठा, शान्ति, आत्मबोध र देश एवम् समाजको यथास्थितिमा प्रगतिपरक परिवर्तनलगायत जे जत्रो उपलब्धि पनि प्राप्त गर्न सक्छ । आफू, आफ्नो देश र समाजलाई सामान्यबाट विशिष्टमा रुपान्तरण गर्न सक्छ । 'सर्वे भवन्तु सुखिन: सर्वे सन्तु निरामया: सर्वे भद्राणि पश्यन्तु मा कश्चित् दु:खभाग् जन:' जस्तो महान् लक्ष्य प्राप्त गर्न सक्छ । मान्छे छ र सपना, कल्पनाहरु छन् । मान्छे छ र सृष्टिमा फूलहरु छन् । मान्छे छ र प्रकृतिमा सौन्दर्य छ, सुवास छ, हिमालमा शोभा छ । शश्यश्यामला वसुन्धरामा उर्वरता छ, उपयोगिता छ । मान्छे छ र धर्तीमा जीवनको मिठास छ ।

मानिस व्यष्टिमा व्यक्ति देखिन्छ । समष्टिमा मानिस नै समाज हो, जनता हो, देश हो । मानिस नै मानिसको संसार हो । बसोबास र विकास गर्ने मानिसहरु नै भएनन् भने देश के हुन्छ ? कहाँ हुन्छ ? देशलाई देश बनाउने त मानिस नै हुन् । जसरी घरलाई घर बनाउने परिवार हो । परिजन कोही पनि भएन र रित्तो रहयो भने घर खण्डहर बन्छ । मानिसहरु अर्थात् निवासीहरु कोही रहेनन् भने देश सुनसान चिहान बन्छ । बन्दैन र ?

*(साभार: नेपाल समाचार-पत्र)*

# 'अन्य' आयोग सबलीकरणको सूत्र

✍ दुर्गा खनाल

मधेशी आयोगको पाँचौं वार्षिकोत्सवका अवसरमा गत चैत ७ गते अध्यक्ष विजयकुमार दत्तले ६ पृष्ठको विज्ञप्ति जारी गरे । आयोगलाई करिब औचित्यहीन बनाइएको दिक्दारी पोख्दै उनले लेखेका छन्- 'राज्यको वक्रदृष्टिका कारण जनताको माग र आयोगद्वारा प्रदत्त आपूर्ति सेवाबीच उचित तालमेल हुन नसकेको यथार्थ घामझैं छर्लंग छ । यथावस्थामै यस आयोगलाई राखिराख्नु राष्ट्रकै लागि प्रत्युत्पादक हुनेछ । या त अवस्था र व्यवस्थालाई सुधार्नुपर्ने हुन्छ या त आयोगलाई नै संविधानको दृष्टिपलटबाट सदा-सदैवका लागि हटाउनुपर्छ । यसरी शिखण्डीको स्वरूपमा राखिराख्नु कदापि हुँदैन ।'

दत्तको यो सन्देशमा स्थापनाको पाँच वर्षमा आयोगले गरेका कामको संक्षिप्त झलक मात्र छैन, कुन मनोदशामा काम भइरहेको छ भन्ने तथ्य पनि उजागर छ । यस्तै मनोदशामा छन्- संविधानअनुसार गठन भएका 'अन्य' सात वटा आयोग पनि । २०७२ सालको संविधानले १३ वटा संवैधानिक आयोगको व्यवस्था गरेको छ । लोकतन्त्रको सुदृढीकरण र कार्यकारीको स्वेच्छाचारीलाई नियन्त्रण तथा नागरिक अधिकारको प्रवर्द्धन गर्न संवैधानिक आयोगको व्यवस्था गरिन्छ ।

त्यही कारण धेरै विवाद र बहसपछि नयाँ संविधानमा संवैधानिक आयोगको संख्या केही बढाइयो । निर्वाचन आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखापरीक्षक र लोक सेवा आयोग विगतका संविधानमा पनि संवैधानिक आयोगका रूपमा थिए । नयाँ संविधानमा अन्य आयोगको सूचीमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग र मुस्लिम आयोग समावेश गरिए । दलित र महिला आयोग सरकारमातहत रहने गरी यसअघि पनि थिए । तर, संविधानले यी आयोगलाई पनि संवैधानिक हैसियत प्रदान गऱ्यो ।

राज्य कोषमा आर्थिक भार थपिने र धेरै संरचना बनाउन नहुने बहस पनि संविधान निर्माणका क्रममा भएका थिए । तर, कैयौं नागरिकको बलिदानी, वर्षौंदेखिका शोषित पीडित समुदायको न्यायका लागि पनि आयोग बढाउन आवश्यक छ भन्ने निष्कर्षमा संविधानसभा पुग्यो । त्यही निष्कर्षको जगमा संवैधानिक निकायको संख्या थपियो । तर, संविधान जारी भएको झन्डै १० वर्षलाई नियाल्ने हो भने वर्षौंदेखि चलिरहेका आयोग र नयाँ संविधानबाट थपिएका आयोगको अवस्था समान छैन । अख्तियार, लोक सेवा, निर्वाचन आयोग र महालेखापरीक्षक संगठनात्मक रूपमा विगतदेखि नै समृद्ध छन् । नयाँ आयोगले भने न संगठनात्मक स्वरूप लिन सके न त प्रभावकारी उपस्थिति देखाउन । यी आयोग आफैं समस्यामा जेलिएका छन् । संविधान र ऐनले दिएका जिम्मेवारीसमेत पूरा गर्न नसकेको गुनासो गरेर अस्तित्व खोजिरहेका छन् ।

**न्यून बजेट, उच्च अपेक्षा**

२०७२ मा जारी नयाँ संविधानमा उल्लिखित आयोगहरूसम्बन्धी ऐन २०७४ सालमा मात्र बन्यो । प्रत्येक आयोगका छुट्टाछुट्टै ऐन बनेपछि २०७५ सालमा मात्र नयाँ संवैधानिक आयोग गठन प्रक्रियाको वैधानिक आधार तयार भयो । बल्ल २०७७ सालमा ६ वर्ष कार्यकालका लागि नियुक्त भएका पदाधिकारीले आधा अवधि बिताइसकेका छन् । उनीहरूको कार्यकाल पूरा नहुँदै संवैधानिक आयोग राख्ने/नराख्ने समीक्षाको समयसीमा आउँदो वर्ष पुग्दै छ ।

यी आयोग गठन भएपछि हालसम्म जारी भएका सबै ५ वटा वार्षिक प्रतिवेदनको अध्ययन गर्दा साझा निष्कर्ष भेटिन्छ- बजेटको समस्या । सरकारले प्रत्येक आर्थिक वर्ष यस्ता आयोगलाई छुट्याएको बजेट पर्याप्त नरहेको र योजनाअनुसार काम गर्न नसकिएका गुनासा प्रतिवेदनमा छन् । आयोगको औचित्य नै नरहने अवस्थामा पुगेको भन्दै आयुक्तहरूले दिएको अभिव्यक्ति पनि यही आर्थिक विषयसँग जोडिन्छ ।

संवैधानिक आयोगको बजेटको मूलस्रोत संघीय सञ्चित कोष हो । २०७६ सालदेखि चालु आर्थिक वर्षको समेत गरी करिब ५ वर्षको बजेट हेर्दा 'अन्य आयोग' अन्तर्गत आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, समावेशी आयोगहरूको बजेट वार्षिक करिब पाँच करोड हाराहारी छ । यसरी विनियोजित रकमको ८० प्रतिशतभन्दा बढी रकम पदाधिकारी, कर्मचारीको तलब भत्ता र अत्यावश्यक सामग्री किन्दा खर्च हुन्छ । जसले गर्दा आयोगहरूले कार्यक्षेत्रअन्तर्गतका कार्यक्रमसमेत सञ्चालन गर्न सकेका छैनन् ।

आयोगहरूले राष्ट्रपतिलाई बुझाएका प्रतिवेदनअनुसार विगतदेखि नै संरचना भएका कारण महिला आयोगले बजेट १० करोडभन्दा बढी पाएको देखिन्छ तर अन्यले त्यसको आधा पनि बजेट पाएका छैनन् । जस्तै: आदिवासी जनजाति आयोगलाई २०७९/८० मा ३ करोड ४ लाख ७७ हजार ९ सय ४९ रुपैयाँ बजेट विनियोजन गरिएको थियो । यसमध्ये १३ लाख रुपैयाँ मात्र पुँजीगत खर्चका लागि छुट्याइएको थियो । विनियोजित बजेटमध्ये ४१ लाख ६७ हजार ७९० चालु र पुँजीगतर्फ ४ लाख ६५ हजार ७३७ मात्र खर्च भयो । २०७८/७९ मा ३ करोड ७ लाख २७ हजार ५८ बजेट छुट्याइएकामा १३ लाख मात्र पुँजीगत खर्चको शीर्षकमा थियो । जसमध्ये करिब २ करोड ८० लाख चालु खर्च हुँदा ७ लाख ८२ हजार ५२१ मात्र पुँजीगत खर्च भयो । २०७७/०७८ मा कुल वार्षिक बजेट ३ करोड १५ लाख थियो । जसमध्ये २४ लाख पुँजीगततर्फ विनियोजन थियो । विनियोजितमध्ये चालुतर्फ १ करोड ९४ लाख र पुँजीगततर्फ २० लाख ५४ हजार खर्च भयो । २०७६/०७७ मा आदिवासी जनजाति आयोगको विनियोजित वार्षिक बजेट ४ करोड ३९ लाख थियो, जसमा पुँजीगततर्फ १ करोड १८ लाख विनियोजन भएको थियो । त्यसमध्ये चालुतर्फ ८८ लाख २६ हजार ९५१ अर्थात् २७.५० प्रतिशत र पुँजीगततर्फ ६७ हजार ८ सय अर्थात् ०.५७ प्रतिशत रकम खर्च भएको थियो ।

थारू आयोगले २०७५/०७६ मा चालुतर्फ २ करोड २२ लाख र पुँजीगतर्फ १ करोड २३ लाख र पदाधिकारीको तलब भत्तामा ५६ लाख छुट्याइएको थियो । त्यसमध्ये ९८ लाख १३ हजार २ सय ६५ रुपैयाँ चालु, १ करोड ४२ लाख ५ हजार २ सय २५ पुँजीगत र पदाधिकारीको तलबमा ३ लाख ९० हजार ३ सय ८० रुपैयाँ खर्च भएको थियो । २०७९/०८० मा थारू आयोगलाई ४ करोड ३८ लाख ९९ हजार ६ सय ९१ बजेट छुट्याएकामा ३ करोड ७२ लाख ४० हजार ४ सय ६५ रुपैयाँ खर्च भएको थियो । २०७९/०८० मा मुस्लिम आयोगलाई ४ करोड ७ लाख बजेट विनियोजन गरिएकामा २ करोड ७६ लाख रुपैयाँ खर्च गऱ्यो । अघिल्लो वर्ष आयोगलाई ४ करोड २९ लाख विनियोजन भएकामा ३ करोड ३० लाख ९९ हजार खर्च भएको थियो ।

राष्ट्रिय समावेशी आयोगले २०७९/०८० मा ३ करोड २४ लाख ५४ हजार बजेट पाएको थियो, त्यसमध्ये ३ करोड ९ लाख ७ हजार ७७ रुपैयाँ खर्च गऱ्यो । पछिल्लो ५ वर्षमा समावेशी आयोगको वार्षिक बजेट र खर्चको अनुपात पनि यस्तै खालको छ । दलित आयोगलाई २०७९/०८० मा ३ करोड ४५ लाख विनियोजन गरिएकामा ३ करोड २६ लाख बराबर खर्च भएको छ । विगत वर्षहरूमा पनि बजेट छुट्याउने र खर्च गर्ने तरिका मिल्दोजुल्दो छ । आयोगहरूले सरकारबाट पाउने बजेट र त्यसको खर्च शैली हेर्ने हो भने अन्य सूचीमा रहेका आयोग अरू आयोगभन्दा निकै कमजोर अवस्थामा छन् । यद्यपि निर्वाचन, लोक सेवा, अख्तियार जस्ता संवैधानिक निकायको भूमिका र कार्यक्षेत्र ठूलो भएकाले ती आयोगले पाउने बजेट र खर्चको अनुपातसँग तुलना गर्नु वैज्ञानिक हुन्न ।

संवैधानिक आयोगहरूले थोरै बजेट पाए पनि खर्च गर्न सकेका छैनन् । यसको मुख्य कारण हो- कर्मचारी र पूर्वाधार नहुनु । संवैधानिक हैसियत पाए पनि आयोगहरू भाडाको घरमा बस्छन् । तोकिएका कर्मचारीको दर बन्दीमा पनि पूर्णता छैन । महिला आयोग पहिल्यैदेखि रहेकाले यसको आफ्नै पूर्वाधार र संगठनात्मक संरचना तुलनात्मक रूपमा बलियो छ । राष्ट्रिय महिला आयोगमा ५ शाखा छन् । एक सचिवसहित ३८ स्थायी र १७ जना अस्थायी कर्मचारी दरबन्दी छ । तर यही समूहका अन्य आयोगमा कर्मचारीको दरबन्दी त्यति पनि छैन । जनजाति, मधेशी, मुस्लिम, थारू, समावेशीमा १३ जनाको दरबन्दी छ ।

दलित आयोगमा २५ जनाको दरबन्दी छ । न्यून कर्मचारी र दरबन्दीअनुसारका कर्मचारी पदपूर्ति नहुँदा काम गर्न समस्या छ । कम बजेट र कार्यक्रम पनि कम हुने भएकाले यस्ता आयोगमा कर्मचारी जानै मान्दैनन् । गए पनि धेरै लामो समय टिक्दैनन् । कतिसम्म हुन्छ भन्ने एउटा दृष्टान्त दलित आयोगको छ- २०७७ सालमा पदाधिकारी नियुक्त भएपछिको पहिलो वर्ष नै ८ जना सचिव फेरिए । सचिव र अन्य कर्मचारीको यस्तो क्रम अहिले पनि जारी छ । आयोगमा सहसचिव तहका कर्मचारी सचिव हुने व्यवस्था छ । आयोगको प्रशासनिक नेतृत्व लिनुपर्ने व्यक्तिलाई नै हटाउने र राख्ने गर्दा निर्धारित काम हुन सक्दैनन् । आफ्ना वार्षिक प्रतिवेदनहरूमा यी समस्या उल्लेख गरेर आयोगले झकझक्याए पनि संघीय सरकारको ध्यान गएको छैन । जसले आयोगहरू संघीय सरकारको कति प्राथमिकतामा पर्छन् भन्ने देखाउँछ ।

**बृहत् कार्यक्षेत्र र औसत काम**

वर्षौंदेखि वञ्चितीकरणमा परेका लिंग र समुदायलाई राज्यको मूल प्रवाहमा ल्याउन संविधानले समुदायगत संवैधानिक आयोगको परिकल्पना गरेको हो । महिला आयोगलाई राज्यका सबै निकायमा महिलाको समावेशी प्रतिनिधित्व गराउनका लागि हालका संरचनामा भइरहेको कमजोरी सुधार्ने, पीडितका उजुरी लिने र त्यसमाथि निर्णय गरी सिफारिस गर्नेसम्मको अधिकार छ ।

*(साभार: ई-कान्तिपुर)*

# निवर्तमान श्रममन्त्रीका तीन विवादास्पद निर्णय खारेज

काठमाडौं/श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले निर्वतमान श्रममन्त्री शरतसिंह भण्डारी र तत्कालीन श्रमसचिव केवलप्रसाद भण्डारीले गरेका ३ वटा विवादास्पद निर्णयहरु खारेज गरेको छ । वर्तमान श्रममन्त्री डोलप्रसाद अर्याल (डीपी)ले विवादास्पद बनेका मागपत्रको प्रमाणीकरण, अनिवार्य अंग्रेजी भाषा र पूर्वाप्रस्थान अभिमुखीकरणको शुल्कसम्बन्धी निर्णयहरु खारेज गर्ने निर्णय गरेका हुन् ।





मन्त्रालयका प्रवक्ता गोबिन्दप्रसाद रिजालका अनुसार श्रमिकले पनि विदेश जाँदा न्युनतम् अंग्रेजी भाषा जानेकै हुनुपर्ने गरी गत ६ मंसिरमा भएको निर्णय खारेज भएको छ । अब मन्त्रालयको निर्णयअनुसार खाडी मुलुकमा जाने सबै श्रमिकले अंग्रेजी भाषा जानेको हुनुपर्ने व्यवस्था कार्यान्वियन नहुने भएको छ ।

त्यसैगरी मन्त्रालयले ७ असोजमा भएको अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि-२०७६ को संशोधनसम्बन्धी निर्णय पनि खारेज गरेको छ । सो संशोधन मार्फत यसअघिका श्रममन्त्री र सचिवले विदेश जाँदा श्रमिकले लिनुपर्ने अभिमुखीकरण कक्षा बापतको शुल्क चार गुणाले बढाउँदै खाडी मुलुक जान अंग्रेजी र सम्बन्धित देशको भाषा कक्षा र परीक्षा अनिवार्य गर्ने निर्णय गरेका थिए । परीक्षामा ५० प्रतिशत अंक नल्याउने फेल हुने र विदशे नै जान नपाउनेसम्मको व्यवस्था गरेर श्रमिकलाई मानसिक रूपमा समेत दबाबमा राख्न खोजिएको थियो ।

नयाँ श्रम स्वीकृति लिएर विदेशिने श्रमिकले लिनुपर्ने पूर्वप्रस्थान अभिमुखीकरण तालिम बापतको २८०० रुपैयाँ पुऱ्याउने निर्णय अब कार्यान्वियन हुनेछैन । अब सो बापतको शुल्क हालकै ७०० रुपैयाँ नै कायम हुनेछ । यसअघिका श्रममन्त्री भण्डारीले २ दिनको अभिमुखीकरणको कक्षालाई ३ दिन बनाउने बहाना बनाएर सेवा शुल्क तेब्बर बनाउने निर्णय गरेका थिए ।

भण्डारीले कार्यविधि संशोधन गरेर दैनिक ६ घण्टाका दरले तीन दिनसम्म १८ घण्टा तालिम लिनुपर्ने बनाएका थिए । दिनको ७०० रुपैयाँ लाग्ने अभिमुखीकरण तालिमको शुल्क लिने र ७०० रुपैयाँ परीक्षा र प्रमाणपत्रको शुल्कका रुपमा लिने भनिएको थियो ।

पहिलो र दोस्रो दिनको पहिलो ३ घण्टा अंग्रेजी भाषाको र तेस्रो दिनको पहिलो ३ घण्टामा सम्बन्धित देशको भाषाको तालिम हुने व्यवस्था पछिल्लो संशोधनमार्फत गरिएको थियो । तालिमपछि परीक्षा लिने र ५० प्रतिशत अंक पनि नल्याएर परीक्षामा फेल भएमा विदेश जान नपाइनेसम्मको श्रमिकलाई शोषित गर्ने व्यवस्था कार्यविधिमा गरिएको थियो । अब यी सबै व्यवस्थाहरु कार्यान्वयन नहुने गरी कार्यविधिको पछिल्लो संशोधनलाई मन्त्रालयले खारेज गरेको श्रम मन्त्रालयका प्रवक्ता रिजालले बताए ।

यस्तै मन्त्रालयले वैदेशिक रोजगारको मागपत्र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र वैदेशिक रोजगार विभागबाटै प्रमाणीकरण गर्ने व्यवस्था पनि खारेज गरेको छ । 'वैदेशिक रोजगार सम्बन्धी मागपत्र जाँचबुझ निर्देशिका २०७५'मासंशोधन गरेर मन्त्रालयले १५ दिनभित्र सम्बन्धित दूतावास/नियोगले प्रमाणीकरण नगरेमा वैदेशिक रोजगार विभागको महानिनर्देशकको एक समतिबाट पनि मागपत्र प्रमाणीकरण गर्न सकिने व्यवस्था गरेको थियो । सो निर्देशिकामा पछिल्लो पटक गरिएको संशोधन पनि खारेज गर्ने निर्णय भएको सहसचिव रिजालले जानकारी दिए ।

श्रम मन्त्रालयले परराष्ट्र मन्त्रालयको राय विपरीत गत पुसमा श्रम मन्त्रालयबाट वैदेशिक रोजगारको मागपत्र जाँचबुझ र स्वीकृतसम्बन्धी कार्यविधि जारी भएको थियो । तर, कार्यविधि लागु गर्न पनि परराष्ट्रले सहयोग नगरेपछि श्रम मन्त्रालयले निर्देशिकामा संशोधन गरेर यस्तो व्यवस्था गरेको थियो ।

विदेशबाट श्रमिक माग गर्दा कामदारको संख्या, किसिम, योग्यता, कामदारले पाउने पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरु उल्लेख गरी रोजगारदाता संस्थाले म्यानपावर एजेन्सीलाई पठाएको पत्र नै 'मागपत्र' (डिमान्ड लेटर) हो । यो मागपत्र हालसम्म सम्बन्धित देश हेर्ने नेपाली दूतावास वा नियोगले प्रमाणीकरण गर्दै आएकामा नयाँ कार्यविधिले छिटो गर्ने नाममा प्रमाणीकरणको अधिकार श्रम मन्त्रालयमा ल्याउन खजेपछि परराष्ट्र मन्त्रालयले असन्तुष्ट थियो ।

श्रम मन्त्रालयका ततकालीन अधिकारीहरुले भने पररराष्ट्र मन्त्रालय र विदेशस्थित नेपाली दूतावासका पदाधिकारीहरु श्रम कूटनीतिसम्बद्ध काम गर्न आलटाल गर्ने भएकाले निर्देशिका संशोधन गर्न खोज्दा परराष्ट्रले राय प्रक्रिया अल्झाएर असहयोग गरेपछि विकल्पमा कार्यविधि ल्याएको बताइरहेका थिए । उनीहरूले कोरिया, जापान, अष्ट्रिया, जर्मनी लगायतका देश हेर्ने नेपाली नियोगहरुले विभिन्न कारण देखाएर मागपत्र रोकेपछि आफैं प्रमाणीकरण गर्न मिल्ने गरी कार्यविधि ल्याउनुपरेको बताउँदै आएका थिए ।

विशेषगरी कोरियास्थित नेपाली दूतावासले कोरियाको ई-७ भिसा र जर्मनी र अष्ट्रियाका दूतावासले रोमानिया र क्रोयसियाका विभिन्न मागपत्र रोकेपछि म्यानपावर व्यवसायीले नै काठमाडौंबाटै मागपत्र प्रमाणीकरण गराउने व्यवस्था गर्न माग गर्दै आएका थिए । सो निर्देशिका संशोधनपछि विभिन्न अवैध किसिमका भिसाहरु मन्त्रालयबाटै प्रमाणीकरण गराएर श्रमिक पठाउन चलखेल सुरु भएको थियो ।

अब निर्देशिका बमोजिम मागपत्र प्रमाणीकरणको काम सम्बन्धित मुलुककै रहेका नेपाली दूतावासले मात्रै गर्ने भएका छन् ।

श्रम मन्त्रालयबाट भएका विभिन्न नीतिगत निर्णयहरुमाथि प्रश्न उठ्दा पनि तत्कालीन श्रममन्त्री भण्डारी मौन थिए । विवाद भएपछि २४ पुसमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले श्रम मन्त्रालयलाई १७ बुँदे निर्देशन दिएका थिए । तर, तत्कालीन श्रममन्त्री भण्डारीले निर्देशन पालना गर्न रुचि देखाएका थिएनन् ।

नयाँ श्रममन्त्रीका रुपमा अर्याल आएपछि प्रधानमन्त्रीको कार्यान्वयनबारे अध्ययन र मन्त्रालयका निर्णयहरु पुनरावलोकन गर्न २९ चैतमा सहसचिव गोविन्दप्रसाद रिजालको संयोजकत्वमा ३ सदस्यीय समिति गठन भएको थियो ।

प्रधानमन्त्रीबाट आएको निर्देशन, विभिन्न सञ्चारका माध्यममा आएका समाचार, श्रमिकबाट आएका गुनासा एवम् सरोकारवालाहरुको चासो र सुझाव समेतलाई मध्यनजर गर्दै त्यस्ता विषयहरुमा अध्ययन गरी २१ दिनभित्र राय सुझाव सहितको प्रतिवेदन पेश गर्न समय दिइएको थियो । समितिबाट प्रतिवेदन प्राप्त गरेपछि विगतमा मन्त्रालयबाट भएका ३ वटा निर्णयहरु खरोज भएका हुन् ।

श्रम मन्त्रालयले भण्डारीकै पालामा जारी भएर विवादमा परेका कोरिया, जापान र इजरालयमा म्यानपावर कम्पनीमार्फत श्रमिक पठाउने गरी बनेका कार्यविधिको कार्यान्वयन स्थगित गरेको छ । तर, खारेजीको निर्णय भने गरेको छैन ।

(स्रोत: अनलाइनखबर)

'फर्की फर्की' ट्रेलर :

# टाइम ट्राभलको कथामा भगवान् ठान्ने अनमोल

काठमाडौं/आगामी जेठ १० गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'फर्की फर्की'को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक ३ मिनेट २६ सेकेण्ड लम्बाईको ट्रेलरले टाइम ट्राभल (समय यात्रा)को कथा भन्छ । म्याडी पात्र (अनमोल केसी)ले हरेकपल्ट गल्ती गर्दा उसको जीवन पहिलेकै अवस्थामा फर्किन्छ । त्यसपछि उसले आफूलाई भगवान् ठान्छ ।



ट्रेलरमा अनमोल स्टाइलिस रुपमा प्रस्तुत छन् । तर, उनको चरित्र रिसाहा र सन्की स्वभावको देखिन्छ । बोलीभन्दा अगाडि उनको मुक्का र लात्ति चल्छ । उनको 'लभ इन्ट्रेस्ट'को भूमिकामा अभिनेत्री जसिता गुरुङ छिन् । उनीहरुबीचको प्रेम, रोमान्स र सम्बन्धमा आउने उतार-चढावलाई पनि ट्रेलरमा देखाइएको छ । उच्च मेकिङ क्वालिटी र दृश्यहरुबीचको तालमेल ट्रेलरको बलियो पक्ष हो ।

फिल्मलाई सुयोग गुरुङले लेखन तथा निर्देशन गरेका हुन् । निर्देशनको हिसाबले यो उनको दोस्रो फिल्म हो । करिब ४ वर्ष अगाडि उनले 'सानो मन'को निर्देशन गरेका थिए । 'फर्की फर्की'को ट्रेलर हेर्दा उनले लभस्टोरीमा फरक कथा भन्ने प्रयास गरेको देखिन्छ । फिल्ममा अनमोल र जसितासँगै सलोन बस्नेत, कृष्ण मल्ल, निर्मल शर्मा, रवि काफ्ले, समृद्धि अर्याल लगायतको पनि अभिनय छ ।

ओम प्रकाश अग्रवाल र रोहित अधिकारीको निर्माण रहेको फिल्मका सह-निर्माता मनोज ओली र रामु न्यौपाने हुन् भने मोती कार्की र अनिरुद्र गिरी कार्यकारी निर्मातामा छन् । फिल्ममा नरेन्द्र मैनालीको छायांकन, सुरेन्द्र थापाको सम्पादन, रोमन बज्राचार्य र नरेन लिम्बूको संगीत तथा अष्ट महर्जनको द्वन्द्व निर्देशन छ । बक्स अफिसमा 'फर्की फर्की', 'पूजार सार्की' र 'दान्भी'बीच भिडन्त हुँदैछ ।

# 'बडे मियाँ छोटे मियाँ' र 'मैदान' दुवै डिजास्टर

काठमाडौं/बलिउडमा इदलाई सलमान खानको मिति भन्ने गरिन्छ । किनकि, उनका प्राय: फिल्म इदमा आउँछन् । र, व्यापार पनि आक्रामक गर्छन् । तर, यसपटक उनको फिल्म आएन । यद्यपि, इद खाली पनि रहेन । 'बडे मियाँ छोटे मियाँ' र 'मैदान' इदमा रिलिज भएका थिए । दुवै फिल्ममा ठूला 'स्टार' भएकाले राम्रो व्यापार गर्ने प्रक्षेपण गरिएको थियो । तर, यी दुवै ठूलो डिजास्टर बन्न पुगेका छन् ।



दुवै फिल्मलाई इदसहित तीनवटा छुट्टी मिलेको थियो । यसका बावजूद पनि व्यापार उकासिन सकेन । सातौं दिनमा आइपुग्दा दुवै फिल्म हलमा दम तोड्ने अवस्थामा पुगेका छन् । 'बडे मियाँ छोटे मियाँ' ३ सय ५० करोडमाथिको लगानीमा बनेको हो । तर, एक हप्तामा फिल्मको व्यापार ५० करोड पनि छैन । सातौं दिन (राम नवमी)मा फिल्मको व्यापार जम्मा २ करोड ५० लाख मात्र रह्यो ।

यो फिल्मले भारतमा ७ दिनमा ४८ करोड २० लाख कमाएको इन्डिया टाइम्सले उल्लेख गरेको छ । व्यापार घट्दो क्रममा रहेकाले फिल्म ६० करोडको आसपास टुंगिन सक्ने देखिन्छ । 'मैदान'ले भने एक सातामा २७ करोड कमाएको छ । यो सय करोडमाथिको बजेटमा बनेको फिल्म हो । 'बडे मियाँ छोटे मियाँ' र 'मैदान'को व्यापारले एउटा कुरा प्रमाणित गरेको छ, 'स्टार'ले फिल्म चल्दैन ।

# 'पहाड'बाट निर्देशनमा फर्किंदै तुलसी घिमिरे

काठमाडौं/नेपाली फिल्मको एउटा युग हाँक्ने निर्देशक हुन्, तुलसी घिमिरे । 'बाँसुरी, कुसुमे रुमाल, बलिदान, दर्पण छाँया, चिनो, लाहुरे' जस्ता अजम्बरी फिल्म दिएका उनी करिब ७ वर्षयता भने निर्देशनमा सक्रिय छैनन् । पछिल्लो फिल्म 'दर्पण छायाँ २'को असफलता पछि निर्देशनबाट टाढा देखिएका उनी अब भने कमब्याकको तयारीमा जुटेका छन् । यस वर्ष एउटा फिल्म बनाउने उनको योजना छ ।

निर्देशक घिमिरेले फिल्मको शीर्षक 'पहाड' राखेका छन् । मानवविहीन बन्दै गएको पहाडी भूगोलको कथामा उनले फिल्म बनाउन लागेका हुन् । यसका लागि मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यलाई अभिनयको प्रस्ताव राखिएको छ । उनीहरुले काम गर्ने वा नगर्ने तय भइसकेको छैन । अभिनेता विपिन कार्की भने लगभग निश्चित भएका छन् । दशैंपछि छायांकन सुरु गर्ने तुलसीको योजना छ ।

फिल्मको कथा लेख्दा मुख्य भूमिकामा दयाहाङ राईलाई कल्पना गरेको निर्देशक घिमिरेले एक दैनिक पत्रिकासँगको कुराकानीमा बताएका छन् । उनले दयाहाङलाई फिल्म अप्रोच पनि गरे । तर, यस वर्ष उनी धेरै फिल्ममा अनुबन्ध भएकाले काम गर्न नभ्याउने भएपछि तुलसीले सौगात मल्ल या प्रदीप खड्कालाई लिनेबारे सोचेका रहेछन् । उनीहरु पनि व्यस्त भएकाले सहकार्य हुन सकेन ।

अब लगालग फिल्म बनाउने योजना तुलसी छन् । यतिबेला उनीसँग ३/४ वटा फिल्मको स्क्रिप्ट तयार छ । 'दर्पण छायाँ २' असफल भएपछि भने उनी अब फिल्मै नबनाउने सोचमा पुगेका थिए । तर, जानेको र सिकेको फिल्म मेकिङ भएकाले यसबाट टाढा जान नसकेको उनले बताएका छन् । भारतको कालिम्पोङमा जन्मिएका उनले नेपालको मानार्थ नागरिक बन्ने इच्छा व्यक्त गरेका छन् ।

# ६ वर्षदेखि रोकिएको 'फान अवार्ड' फेरि गर्दै कलाकार संघ

काठमाडौं/चलचित्र कलाकार संघले ६ वर्षदेखि रोकिएको 'फान अवार्ड'लाई निरन्तरता दिने भएको छ । २०७२ र २०७४ साल गरी दुईपटक आयोजना भएको अवार्ड कोभिडपछि रोकिएको थियो । अब यस वर्ष अवार्डको तेस्रो संस्करण आयोजना गर्ने तयारीमा संघ जुटेको छ । २०७९ र २०८० सालमा रिलिज भएका फिल्मलाई समेट्दै अवार्ड प्रदान गरिने संघका महासचिव सविन श्रेष्ठले जानकारी दिए ।

संघले दुई वर्षको छुट्टाछुट्टै अवार्ड विभिन्न विधामा प्रदान गर्न लागेको हो । यसका लागि केही दिनभित्र आवेदन फारम खुल्ला गरिने सविनले बताए । 'फान अवार्ड'को पहिलो संस्करणमा २० वटा विधामा अवार्ड वितरण गरिएको थियो भने दोस्रो संस्करणमा ४ विधा थपिएको थियो । अवार्ड वितरणसँगै एकजना फिल्मकर्मीलाई 'लाइफटाइम अचिभमेन्ट अवार्ड' समेत प्रदान गर्ने संघको तयारी छ ।

'फान अवार्ड'को सुरुवात संघका पूर्वअध्यक्ष स्वर्गीय रामकेशर बोगटीको कार्यकालमा भएको थियो । उनको निधन भएपछि अवार्ड कार्यक्रमले निरन्तरता पाउन सकेको थिएन । त्यसो त कलाकार संघले अवार्ड गर्नु आफैंमा विरोधाभास हो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# लुम्बिनीका ७ मन्त्रीले लिए शपथ, ११ सदस्यीय बन्यो मन्त्रिपरिषद्

बुटवल/लुम्बिनी प्रदेशका नवनियुक्त ७ जना मन्त्रीले शपथ लिएका छन् । प्रदेश प्रमुखको कार्यालय बुटवलमा प्रदेश प्रमुख अमिक शेरचनबाट बिहीबार मन्त्रीहरूले शपथ लिएका हुन् ।



मुख्यमन्त्री जोखबहादुर महराले बिहीबार एमालेबाट दिनेश पन्थी, अर्जुनबहादुर केसी, भूमिश्वर ढकाल र रत्नबहादुर खत्री, नागरिक उन्मुक्तिबाट धर्मबहादुर चौधरी, स्वतन्त्र सांसद खड्गबहादुर बस्नेत र एकीकृत समाजवादीकी भगवती अधिकारीलाई विना विभागीय मन्त्री नियुक्त गरेका हुन् ।

२३ चैतमा नेकपा एमाले, माओवादी केन्द्र, नागरिक उन्मुक्ति पार्टी, जनता समाजवादी पार्टी, नेकपा एकीकृत समाजवादी र एक जना स्वतन्त्र सांसदसहित ४८ जनाको समर्थनमा महरा मुख्यमन्त्री नियुक्त भएका थिए ।

मुख्यमन्त्री महराले सोही दिन एमालेका चेतनारायण आचार्य, माओवादीका दिपेन्द्र पुन र जसपाका भण्डारीलाल अहिरलाई विना विभागीय मन्त्री नियुक्त गरेका थिए । तीनै जनाको मन्त्रालय आज मात्रै तोकिएको हो । जसअनुसार आचार्यलाई अर्थ, पुनलाई स्वास्थ्य र अहिरलाई कृषि तथा भूमि व्यवस्था मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

आजको विस्तारसँगै लुम्बिनीमा ११ सदस्यीय मन्त्रिपरिषद् बनेको छ । यसअघि कांग्रेसका डिल्लीबहादुर चौधरी र एमालेका लीला गिरी मुख्यमन्त्री हुँदा १० सदस्यीय मन्त्रिपरिषद् थियो ।

बिहीबार बिहान मुख्यमन्त्री महराले १० सदस्यीय मन्त्रिपरिषद् बनाउँदा एकीकृत समाजवादीकी भगवती अधिकारीलाई मन्त्री नियुक्त गरेका थिएनन् । पछि अधिकारी र उनको दलले मन्त्री बनाउने लिखित सहमति उल्लंघन गरेको भन्दै आपत्ति जनाएपछि मन्त्री नियुक्त गरेका हुन् ।

२२ चैतमा सत्ता गठबन्धनका चार दल एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र स्वतन्त्र सांसद खड्ग बस्नेतबीच भएको ७ बुँदे सहमतिमा जनता समाजवादी पार्टीलाई दुई तथा नेकपा एकीकृत समाजवादी र एक स्वतन्त्र सांसदलाई एक-एक मन्त्रालय दिने सहमति भएको थियो । तर गठबन्धनमा नागरिक उन्मुक्ति पार्टी थपिएपछि जसपालाई एउटा मात्रै मन्त्रालय दिइएको छ ।

# शिक्षामा वार्षिक बजेटको २० प्रतिशत छुट्याउन नेविसंघको माग

काठमाडौं/नेपाल विद्यार्थी संघ (नेविसंघ)ले सबै पालिकामा कूल वार्षिक बजेटको न्यूनतम् २० प्रतिशत छुट्याउन माग गरेको छ ।

नेविसंघको ५५ औं स्थापना दिवसको अवसरमा सबै पालिकामा ज्ञापनपत्र बुझाउँदै स्थानीय सरकारले समेत आफ्नो कुल वार्षिक बजेटको न्यूनतम २० प्रतिशत अनिवार्य सार्वजनिक शिक्षामा विनियोजन गर्नुपर्ने माग राखेको हो ।

वर्तमान शैक्षिक अवस्थाको अनुगमन, अध्ययन एवं अनुसन्धान गर्न तथा आधारभूत र माध्यमिक तहसम्मको शिक्षामा देखिएका साझा समस्या समाधान गर्न माग गर्दै ज्ञापन पत्र बुझाएको केन्द्रीय अध्यक्ष दुजाङ शेर्पाले बताए ।

१७ बुँदे ज्ञापन पत्र बुझाएको नेविसंघले माध्यमिक तह सम्मको शिक्षा निशुल्क हुनुपर्ने, सार्वजनिक शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्न, नेपालको सार्वजनिक शिक्षाको गुणस्तर वृद्धि गर्न तथा नेपालको संविधानले व्यवस्था गरेको शिक्षासम्बन्धी हकको कार्यान्वयन गर्न माग गरेको छ ।

सार्वजनिक र निजी विद्यालयमा पठनपाठन हुने पाठ्यक्रममा एकरूपता कायम गरी माटो सुहाउँदो विश्वमानचित्रमा समेत प्रतिस्पर्धी बन्न सक्ने स्थानीय भाषा, धर्म, संस्कृति, सभ्यता, भेषभुषा, कला, साहित्य, रीतिरिवाज, परम्परा र इतिहासको संरक्षण एवं उत्थान हुने गरी स्थानीय पाठ्यक्रम निर्माण गर्न नेविसंघले माग गरेको छ ।

त्यस्तै, प्रारम्भिक बाल विकास शिक्षा सिकाइको महत्वपूर्ण चरण भएकाले उनीहरुको सर्वांगीण विकासलाई उच्च महत्व दिँदै पूर्व प्राथमिक शिक्षालाई व्यवस्थित तथा प्रभावकारी बनाउन नेविसंघले आग्रह गरेको छ ।

(स्रोत: अनलाइनखबर)

# दुबईमा किन भयो भारी वर्षा ?



काठमाडौं/संयुक्त अरब इमिरेट्स (यूएई)को दुबईलगायत क्षेत्रमा भारी वर्षा भएपछि जनजीवन अस्तव्यस्त बनेको छ । बीबीसीका अनुसार ओमान, बहराइनलगायत मुलुकमा पनि छोटो समयमा भारी वर्षा भएको छ ।

तीन दिन लगातार भारी वर्षा हुँदा ओमानमा १९ जनाको ज्यान गएको छ । बीबीसीका अनुसार वर्षाका कारण दुबईमा एक जनाको मृत्यु भएको छ । दक्षिण एशियाली मुलुक पाकिस्तान र अफगानिस्तानमा पनि भारी वर्षाका कारण १०० जनाभन्दा बढीको मृत्यु भएको सीएनएनसले जनाएको छ ।

भारी वर्षाका कारण यूएई, ओमानलगायत क्षेत्रका स्कुल, कलेजहरू बन्द गरिएको छ । बुधबार त ५ घण्टासम्म दुबईको अन्तर्राष्ट्रिय विमानस्थल बन्द नै रह्यो । बिहीबार पनि विमानस्थलका सेवाहरू ढिला भइरहेको छ । अधिकांश क्षेत्रका सडक यातायात बन्द छन् ।

**किन पऱ्यो धेरै पानी ?**

यूएईमा मंगलबार २४ घण्टाभित्र २५४ मिलिमिटर पानी परेको छ । जुन सन् १९४९ पछिको सबैभन्दा धेरै रेकर्ड भएको समाचार संस्था रोयटर्सले बताएको छ ।

समान्यतया यूएई र आसपासको क्षेत्रमा कम पानी पर्छ । गर्मीयाममा त्यहाँको तामक्रम ५० डिग्री सेल्सियस हाराहारी पुग्छ । दुबईमा त वार्षिक ९७ मिलिमिटर मात्रै वर्षा हुने गरेको छ । विज्ञहरूले वातावरणीय प्रभाव र जलवायु परिवर्तको कारणले दुबईमा भारी वर्षा भएको प्रतिक्रिया दिएका छन् । यूएईको जल तथा मौसम विज्ञान विभागकी वरिष्ठ मौसमविद् ईस्रा अल्नाक्वीले रोयटर्ससँग भनेकी छन्, 'जमिनको सतहमा असाध्यै तातो, तातो हावा र माथिल्लो तहमा भएको चिसो वातावरणले पानी र चट्याङ पर्नुमा भूमिका खेल्यो ।'

'पानी पर्नुमा यस्तो अस्वाभाविक परिवर्तन अप्रिल महिनामा सामान्यतया नहुनुपर्ने हो,' उनले भनेकी छन्, 'यसअघि दुबईमा अप्रिल महिनामा औसत वर्षा झण्डै ८ मिलिमिटर हुन्थ्यो ।

मौसमविद् अल्नाक्वीका अनुसार मौसम परिवर्तनसँगै तातो र चिसो हावाको तापक्रम पनि विस्तारै आफैं फेरिन्थ्यो । तर, जलवायु परिवर्तनले यो नियमित प्रक्रियालाई बिथोल्दै गएको छ । उनका अनुसार दुबई आसपासका क्षेत्रमा थप चट्याङ, ठूलो वर्षा र शक्तिशाली हुरीको पूर्वानुमान रहेको भन्दै सचेत रहन चेतावनी दिइएको छ । आमस्टर्डम विश्वविद्यालयका प्राध्यापक डिम कोउमोउले पनि मानवीय गतिविधिले निम्त्याएको जलवायु परिवर्तनले भूमिका खेलेको बताएका छन् ।

(स्रोत: अनलाइनखबर)

# खानेपानी मन्त्री श्रेष्ठ विद्यालयको भर्ना अभियानमा सक्रिय

साझाकुरा संवाददाता

हेटौंडा, ६ वैशाख/ मकवानपुरमा नयाँ शैक्षिक सत्र २०८१ को भर्ना अभियान चलिरहेको छ । 'सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता' भन्ने नारासहित भर्ना अभियान सञ्चालन भइरहेको हो ।

बागमती प्रदेशका खानेपानी उर्जा तथा सिचाईं मन्त्री एकालाल श्रेष्ठ पनि भर्ना अभियानमा सहभागी भएका छन् । बिहीवार मन्त्री श्रेष्ठले हेटौंडा-१२ स्थित बुद्ध माविको घरदैलो कार्यक्रममा सहभागिता जनाए । विद्यालयले प्रचारात्मक शैलीमा हेटौंडा-१२ को पान्तले, भोर्ले, हात्तीगौंडा, बनेलधापटोललगायतको स्थानमा घर दैलो गरी विद्यालय जाने उमेरका बालबालिकालाई भर्ना गराउन अभिभावकलाई आग्रह गरेको छ ।



अभियानको क्रममा मन्त्री श्रेष्ठले अभिभावकसँग साक्षतकार गरी विद्यार्थीलाई विद्यालयमा अनिवार्य पठाउन आग्रह गरेका छन् । उनले विद्यार्थी भर्ना अभियान तीव्र बनाउन विद्यालय व्यवस्थापन समितिले विद्यार्थी र अभिभावकसँगको छलफललाई अगाडि बढाउनुपर्ने बताए । राज्यले ठुलो लगानी गरेको सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या सहित गुणस्तर पनि बढाउनुपर्नेमा उनको जोड छ । मन्त्री श्रेष्ठले विद्यालयको भौतिक पूर्वाधार विकासको लागि बागमती प्रदेश सरकार गुरुयोजनाको साथ अघि बढेको दाबी गरे ।

समुदायसँग जोडिनको लागि पनि शैक्षिकक्षेत्रको गुणस्तर अभिवृद्धि हुनुपर्ने उनको भनाई छ । जनजाति समुदायको बाहुल्य रहेको यो क्षेत्रमा विद्यार्थी भर्ना कम हुने र विद्यार्थी ड्रप आउटको समस्यापनि रहेको भन्दै मन्त्री श्रेष्ठले भर्ना अभियानमा सबैको भूमिका अनिवार्य रहेको बताए । भर्ना अभियानमा सबैभन्दा ठूलो भूमिका स्थानीय तह, शिक्षक र विद्यालय व्यवस्थापन समितिको रहने भन्दै मन्त्री श्रेष्ठले भर्ना अभियानसँगै विद्यालयको शैक्षिक गुणस्तरमा पनि ध्यान दिन जरुरी रहेको बताए ।

विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई शिक्षासम्बन्धी मौलिकहक कार्यान्वयनको सुनिश्चितता गर्न प्रदेश सरकार लागिरहेको उनले जनाए । यसैगरी विद्यालयका प्रध्यानाध्यापक किसन थापाले सामुदायिक विद्यालयको भौतिक विकास अझैपनि सोचे अनुरुप हुन नसकेको बताएका छन् । उनले कम्प्युटर ल्याव, खेलमैदानको व्यवस्थापनको लागि आफूहरुले विगतदेखि नै प्रदेश र स्थानीय सरकारलाई अनुरोध गर्दै आएको बताए । कक्षा १० सम्म अध्यापन हुने यो विद्यालयमा हाल ६ सय ५० जना विद्यार्थी अध्ययनरत् छन् ।

# बागमतीको कामु प्रमुख सचिवमा कार्कीलाई जिम्मेवारी

साझाकुरा संवाददाता

हेटौंडा, ६ वैशाख/ संघीय सरकारले सहसचिव गोविन्द बहादुर कार्कीलाई बागमती प्रदेश सरकारको कायममुकायम (कामू) प्रमुख सचिवको जिम्मेवारी दिएको छ ।



बिहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकले कार्कीलाई कामू प्रमुख सचिवको जिम्मेवारी दिएको हो । सहसचिव कार्की अहिले संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयमा सहसचिवको जिम्मेवारीमा छन् । मन्त्रालयमा उनले पर्यटन महाशाखा प्रमुखको जिम्मेवारी सम्हालिरहेका छन् । कार्की प्रशासन सेवाका सचिवमध्ये सबैभन्दा बरिष्ठ सहसचिव पनि हुन् ।

केही दिनअघिमात्रै बागमती प्रदेश सरकारको प्रमुख सचिवको जिम्मेवारीमा रहेका घनश्याम उपाध्यायको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सचिवमा सरुवा भएपछि बागमती प्रदेश सरकारको प्रमुख सचिवको पद रिक्त भएको थियो ।

बैठकले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रस्तावमा स्वास्थ्य सेवा विभागको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति दिने निर्णय पनि गरेको सरकारका प्रवक्तासमेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् ।

# चिकित्सकलाई ठोस योजनासहित काम गर्न स्वास्थ्यमन्त्रीको निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, ६ वैशाख/ बागमती प्रदेशको स्वास्थ्यमन्त्री रमेश्वर श्रेष्ठले प्रदेशभित्रका विभिन्न अस्पतालका सम्बन्धित शाखाप्रमुख, उपशाखाका उपप्रमुखलगायत अन्य चिकित्सकलाई ठोस योजना बनाई अगाडि बढ्न आग्रह गरेका छन् ।




बिहीवार सामाजिक विकास मन्त्रालयको सभाहलमा बागमती प्रदेश सरकार, स्वास्थ्य निर्देशनालयको आयोजनामा 'चालु आर्थिक बर्ष २०८०/८१ को तेश्रो त्रैमासिक अवधिसम्मको समीक्षा तथा आगामी आर्थिक वर्ष २०८१/८२ को तर्जुमा गोष्ठी कार्यक्रमको उद्घाटन कार्यक्रममा मन्त्री श्रेष्ठले यस्तो निर्देशन दिएका हुन् । आगामी आर्थिक वर्षमा स्वास्थ्यका लागि चाहिने बजेट बढाएर लैजाने र आवश्यक कार्यक्रम मात्र संचालन गर्नुको साथै बजेटले नभ्याउने कार्यक्रमलाई कम गरेर अगाडि बढ्ने मन्त्री श्रेष्ठले बताए ।

अस्पतालमा आएका विरामीलाई उचित उपचारसेवा दिन मेडिकल सुपरिटेन्टलाई आग्रह समेत गरे । 'कामको समयमा कुनै समस्या आए सीधै मलाई फोन गर्न सक्नुहुन्छ कुनै अप्ठेरो मान्नु पर्दैन तर, काममा कम्प्रमाईज हुनहुदैन,' मन्त्री श्रेष्ठले भने । अस्पतालमा आएका विरामीले भोलिपल्ट रिपोर्ट लिन आउनुपर्ने समयको अन्त्य गर्दै तुरुन्तै रिपोर्ट लिने बातावरण बनाउन मेडिकल सुपरिटेण्टलाई आग्रह गरेका छन् । सरकारले अस्पताल बिरामीकै सेवा गर्न बनाएको भन्दै त्यहि अनुसारको अस्पतालमै बसेर बिरामीलाई सेवा प्रवाह गर्न मन्त्री श्रेष्ठले निर्देशन दिए ।

आगामी आर्थिक वर्षमा स्वास्थ्य मन्त्रालयमा नयाँ कार्यक्रम समेत संचालन गर्ने मन्त्री श्रेष्ठले जानकारी दिएका छन् । अस्पतालमा ओपिडी टिकटमा एकरुपता नभएको भन्दै एकरुपता बनाउन उनको आग्रह छ । स्वास्थ्य निदेशनालयका निर्देशक दीपकप्रसाद तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा आर्थिक तथा योजनामन्त्री जगन्नाथ थपलिया, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा.डा. विश्वराज जोशी, प्रदेशका केन्द्रीय स्वास्थ्य निकायका निर्देशकहरु, जनस्वास्थ्य कार्यलयका प्रमुख, प्रदेश अस्पतालका मेडिकल सुपरिटेण्टहरु र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुखहरु लगायतको उपस्थिति थियो ।

# नेपालको आर्थिक स्थायित्वमा सघाउने आईएमएफको प्रतिबद्धता

काठमाडौं, ६ वैशाख/ अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले नेपालको आर्थिक स्थायित्वमा सघाउने प्रतिबद्धता व्यक्त गरेको छ । अमेरिका भ्रमणमा रहेका अर्थमन्त्री वर्षमान पुनसँगको भेटमा आईएमएफका सहायक प्रबन्ध निर्देशक बो-लीले यस्तो प्रतिबद्धता व्यक्त गरेका हुन् ।

वासिङटन डीसीमा बोलीसँग भएको भेटमा मन्त्री पुनले नेपालले चुनौतीहरूबीच आर्थिक स्थिरतालाई दृढतापूर्वक कायम राखेको बताए । गत वर्षको तुलनामा यो वर्ष अर्थतन्त्रका धेरै सूचकहरू सकारात्मक भएको उनको भनाइ थियो ।

ऊर्जा र पर्यटन क्षेत्रले अर्थतन्त्रमा राम्रो योगदान गरेको भन्दै उनले वैदेशिक मुद्रा सञ्चितिको अवस्थासमेत धेरै राम्रो हुँदा अर्थतन्त्रको बाह्य क्षेत्र राम्रो रहेको उल्लेख गरे । यद्यपि सोचेजस्तो पूँजीगत खर्च सन्तोषजनक नहुँदा र राजस्व संकलनको लक्ष्य हासिल हुन नसक्दा आन्तरिक पक्ष केही दबाबमा रहेको उनले बताए ।

गत महिना आफूले अर्थ मन्त्रालयको नेतृत्व सम्हालेदेखि पूँजीगत खर्च र राजस्व संकलन वृद्धिका लागि प्रयास अघि बढाएको मन्त्री पुनले बताए । उनले सहुलियतपूर्ण ऋण, नीतिगत परामर्श तथा क्षमता अभिवृद्धि लगायतमा नेपाललाई निरन्तर सहयोग गरेकामा आईएमएफ व्यवस्थापन र कार्यकारी बोर्डलाई धन्यवाद दिए ।

सन् १९७६ यता कोषले लगातार नेपालको अर्थतन्त्र सुधारमा महत्वपूर्ण सहयोग गर्दै आएको भन्दै उनले १९८० को दशकमा नेपालले प्राप्त गरेको संरचनात्मक समायोजन सुविधा र ०७२ को महाभूकम्प तथा कोभिड-१९ महामारीले निम्त्याएको संकटका बेला गरेको सहयोग स्मरणयोग्य रहेको उल्लेख गरे ।

नेपालले कोषसँग वित्तीय क्षेत्रको नियमन, राजस्व तथा सुशासनका क्षेत्रमा मिलेर काम गर्न चाहेको उनको भनाइ छ । नेपाल राष्ट्र बैंक ऐन संशोधनमा कोषका सुझावलाई ध्यान दिइने प्रतिबद्धता पनि मन्त्री पुनले जनाए ।

बो-लीसँग मन्त्री पुनले आगामी १६ र १७ वैशाखमा हुने तेस्रो अन्तर्राष्ट्रिय लगानी सम्मेलनमा उच्चस्तरको प्रतिनिधित्व र लगानीकर्ता आउने वातावरण निर्माणका लागि समर्थनको माग गरे । नेपालमा लगानीको राम्रो वातावरण रहेको भन्दै लगानीकर्तामा विश्वास जगाउन आईएमएफको भूमिका महत्वपूर्ण हुने उल्लेख गरे ।

*(स्रोत: अनलाइनखबर)*

## एसिसी प्रिमियर कप सेमिफाइनल :

# नेपाललाई युएईसँग त्यो हारको बदला लिने अवसर

काठमाडौं, ६ वैशाख/ नेपालले सन् २०२२ फेब्रुअरी २२ मा आईसीसी टी-२० विश्वकप क्वालिफायर ए को सेमिफाइनलमा युएईसँग अल अमरेत क्रिकेट ग्राउन्ड-१ मा खेल्दै थियो ।

नेपालको चाहना युएईलाई हराउँदै अष्ट्रेलियामा हुने टी-२० विश्वकप खेल्ने थियो । सन् २०१४ पछि पुन: विश्वकप खेल्ने चाहना पूरा हुन लागेकाले खेलाडीहरु उत्त खेललाई लिएर उत्साहित थिए ।

ओमान, क्यानडा र फिलिपिन्सलाई हराउँदै नेपाल समूह बी बाट अपराजितका साथ सेमिफाइनल पुगेको थियो । युएई आयरल्यान्ड र जमर्नीलाई हराउँदै र बहराइनसँग पराजित भए पनि सेमिफाइनल पुगेको थियो ।

टस जितेर पहिला ब्याटिङ रोजेको युएईलाई ओपनर वृत्य अरविन्दले २३ बलमा ५ चौका र ३ छक्कासहित ४६ रनको आक्रामक सुरुवात दिलाउँदै आउट भएका थिए । मोहम्मद वासिम ४८ बलमा ४ चौका र छक्कासहित ७० रन बनाएपछि युएईले २० ओभरमा ७ विकेट गुमाउँदै १७५ रन बनाएको थियो ।

तर त्यो लक्ष्य नै भारी बन्दा नेपाल ६८ रनले पराजित हुँदै विश्वकपमा पुग्न सकेन । जुनैद सिद्दिकले ३ र अहमद राजाले ५ विकेट लिएपछि नेपाल १०७ रनमा अल आउट भएको थियो । नेपाली क्रिकेटले भोगेको त्यो एउटा ठूलो पीडादायी क्षण थियो । त्यसअघि पनि नेपाल विश्वकपमा पुग्न सकेको थिएन । तर त्यसपटक आशा र अपेक्षा बढी थियो ।

सोही मैदानमा एसीसी प्रिमियर कप २०२४ को सेमिफाइनलमा नेपाल र युएईबीच शुक्रबार प्रतिस्पर्धा हुनेछ । अर्को सेमिफाइनलमा ओमान र हङकङ भिड्नेछन् । प्रतियोगिता विजेताले एसिया कपमा भारत र पाकिस्तानसँग खेल्ने अवसर पाउनेछन् । नेपाल ए को समूह विजेता र युएई समूह ए को उपविजेता हो ।

दुई वर्षअघिको त्यो हारको बदला लिँदै नेपाल फाइनलमा स्थान पक्का गर्ने सोचमा छ । पछिल्लो एक वर्षमा नेपालको सुधार लोभलाग्दो छ । युएईको टोलीमा खासै परिवर्तन छैन, त्यहाँको क्रिकेट आन्तरिक राजनीतिमै अल्झिएको छ । नेपाल र युएईबीचको खेललाई एसोसिएट एल क्लासिको पनि भन्न थालिएको छ । पछिल्लो समय नेपाल युएईमाथि लगातार हाबी बनेको छ । गतवर्ष प्रिमियर कपको फाइनलमा युएईलाई ७ विकेटले हराउँदै नेपालले पहिलो पटक एसिया कपमा भारत र पाकिस्तानसँग खेलेको थियो ।

नेपालले आईसीसी टी-२० विश्वकप एसिया छनोटको सेमिफाइनल खेलमा युएईलाई ८ विकेटले हराउँदै १० वर्षपछि विश्वकपमा स्थान बनाएको थियो । आईसीसी विश्वकप लिग-२ को अन्तिम खेलमा ३१० रन बनाएर पनि युएई हारेको थियो । विश्वकप र एसिया कप खेल्न नपाएको पीडा युएईले ओमानमा पुगेर भुलाउन चाहेको छ ।

नेपालले घरेलु दर्शक र मैदान भने धेरै मिस गर्नेछ । पछिल्लो समय लगातार अन्तर्राष्ट्रिय क्रिकेटमा ब्यस्त भएको नेपालको मनोबल उच्च छ । यसअघि जस्तो खेल अनुभवमा कुनै कमी छैन । ओमानमा युएईविरुद्ध कमजोर इतिहासबारे कप्तान रोहित पौडेलले विगतको कुरा महत्वपूर्ण नहुने प्रतिक्रिया दिए । 'विगतमा के भयो त्यो मलाई महत्वपूर्ण जस्तो लाग्दैन । भविष्यमा आउने के हो र वर्तमानमा बस्न एकदमै महत्वपूर्ण छ । आउने खेलको लागि सबै तयार छन् । आफ्नो उत्कृष्ट क्रिकेट कसरी खेल्ने त्यही मात्रै सोच छ', रोहितले भने ।

यसअघि मोहम्मद वासिममा बढी निर्भर युएईले उनी नचल्दा पनि राम्रो गरेको छ । वृत्य अरविन्द पढाइका कारण हाल टिममा छैनन् । तर उनको स्थानमा ओपनिङ गरेका एलिसान शराफुले ४ खेलमा २ अर्धशतकसहित १८९ रन बनाउँदै यो प्रतियोगितामा धेरै रन जोड्नेको तेस्रो स्थानमा छन् ।

*(स्रोत: अनलाइनखबर)*

# वक्तृत्वकलामा आकांक्षा प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, ६ वैशाख/ पारिजात स्मृति दिवसको सन्दर्भमा आयोजित वक्तृत्वकला प्रतियोगितामा आकांक्षा निरौला प्रथम भएकी छिन् । प्रतियोगिताबाट कृतिका लौडारी द्वितीय, सुनिल न्यौपाने तृतीय, प्रियान्सु पोखरेल सान्त्वना भइन् ।



यसैगरी युगेश ढकालले नगद राशी ५०० प्रोत्साहन पुरस्कार प्राप्त गरेका थिए । प्रथम, द्वितीय, तृतीय, सान्त्वना स्थान प्राप्त गर्न सफल वक्तालाई क्रमश: ८ हजार, ६ हजार, ४ हजार, २ हजार नगद सहित प्रमाणपत्र प्रदान गरिएको थियो ।

हेटौंडा उपमहानगर पालिका-१० नं वडा कार्यालयको आर्थिक सहयोग तथा आँचल साहित्य कलापुञ्ज मकवानपुरको आयोजनामा 'नेपालको सामाजिक रुपान्तरणमा राजनीतिक आन्दोलनको भूमिका' विषयक खुला वक्तृत्वकला प्रतियोगिता गरिएको हो । प्रतियोगितामा १८ जना सहभागी थिए ।

प्रतियोगितामा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलकोले सिकाइ जीवनको ज्ञान भएको बताए । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-१० का वडाअध्यक्ष फुर्वादोर्जे तामाङ, आँचल साहित्य कलापुञ्ज मकवानपुरकी सल्लाहकार पूर्णकला घिमिरे समेतको उपस्थिति रहेको थियो । कार्यक्रममा घनश्याम घिमिरे, निरा शर्मा र श्रवण बर्तौला निर्णायक रहेको आँचलको अध्यक्ष भावना सापकोटाले बताइन् ।

लामखुट्टेबाट सर्ने रोगबाट बचौं

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

यसबाट बच्न,

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुला अङ्गमा लामखुट्टेले नटोकोस भनी सचेत रहने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुला नराख्ने,
- पोखरी, दह तथा नालामा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना